"समृद्ध अन्नपूर्ण निर्माणको आधारः दिगो कृषि, पर्यटन, उर्जा र उथ्थानशील पूर्वाधार"

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी
२०७३

गण्डकी प्रदेश, नेपाल

## आय ठेक्का बन्दोवस्त सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना !

सूचना प्रकाशित मिति : २०८३/०३/१५

यस अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार र मिति २०८३/०३/१० गतेको २३ औं गाउँसभाद्वारा पारित आर्थिक ऐन, २०८३ अनुसार आ.व. २०८३/०८४ को लागि निम्नानुसारको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही गाउँसभाको मिति २०८३/०३/१० गतेको निर्णयानुसार तपसिल अनुसारको न्यूनतम दरमा बढाबढमा निम्न स्थानहरुमा आय ठेक्काको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ । ईच्छुक फर्म/संस्थाहरुले २०८१/०८२ को करचुक्ता प्रमाणपत्र, VAT दर्ता प्रमाणपत्र, फर्म/कम्पनी दर्ता प्रमाणपत्र सहित तोकीएको बोलपत्र फारम दस्तुर कार्यालयमा बुझाई विल सहित संलग्न राखी सूचना प्रकाशन भएको मितिले ३० दिन (२०८३/०४/१२) भित्र कार्यालय समयमा दर्ता गर्नुहुन अनुरोध छ।

तपसिलः

<table>
<tr><th>क्र.सं.</th><th>ठेक्का नं.</th><th>विवरण</th><th>ठेगाना</th><th>न्यूनतम अंक रु. (मु .अ. कर बाहेक)</th><th>बोलपत्र फारम दस्तुर रकम</th><th>बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय</th><th>बोलपत्र फारम पेश गर्नुपर्ने अन्तिम मिति र समय</th><th>बोलपत्र खोलिने मिति</th></tr>
<tr><td>१</td><td>01/ARM/2083-84</td><td>पुनहिलमा टि-शप सञ्चालन र प्रवेश शुल्क सङ्कलन।</td><td>अन्नपूर्ण - ६, घोरेपानी।</td><td>५२,५०,०००/- (अक्षरपी बाउन्न लाख पचास हजार मात्र)</td><td>३०००/-</td><td rowspan="4">२०८३/०४/१२ गते कार्यालय समय भित्र (५:०० बजे भित्र)</td><td rowspan="4">२०८३/०४/१३ गते अपरान्ह १२:०० बजे भित्र</td><td rowspan="4">२०८३/०४/१३ गते दिउँसो २:०० बजे</td></tr>
<tr><td>२</td><td>02/ARM/2083-84</td><td>पाउद्वार तातोपानी कुण्डमा क्यान्टीन सञ्चालन र प्रवेश शुल्क सङ्कलन।</td><td>अन्नपूर्ण - ५, पाउद्वार।</td><td>२७,५०,०००/- (अक्षरुपी सत्ताइस लाख पचास हजार मात्र)</td><td>३०००/-</td></tr>
<tr><td>३</td><td>03/ARM/2083-84</td><td>रातोपानी कुण्डमा क्यान्टीन सञ्चालन र प्रवेश शुल्क सङ्कलन।</td><td>अन्नपूर्ण - ६, रातोपानी ।</td><td>४,००,०००/- (अक्षरुपी चार लाख मात्र)</td><td>१०००/-</td></tr>
<tr><td>४</td><td>04/ARM/2083-84</td><td>सेकार्कु कुण्डमा क्यान्टीन सञ्चालन र प्रवेश शुल्क सङ्कलन।</td><td>अन्नपूर्ण- १, दोबा।</td><td>५०,०००/- (अक्षरुपी पचास हजार मात्र)</td><td>१०००/-</td></tr>
</table>

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | 05/ARM/2083-84 | नारच्याङ्ग झरनामा क्यान्टीन सञ्चालन र प्रवेश शुल्क सङ्कलन। | अन्नपूर्ण -४, नारच्याङ्ग। | ५०,०००/- (अक्षरुपी पचास हजार मात्र) | १०००/- | | | |
| ६ | 06/ARM/2083-84 | महभिर झरनामा क्यान्टीन सञ्चालन र प्रवेश शुल्क सङ्कलन। | अन्नपूर्ण-७, महभिर। | १५,०००/- (अक्षरुपी पन्ध्र हजार मात्र) | १०००/- | | | |
| ७ | 07/ARM/2083-84 | North अन्नपूर्ण आधार शिविर प्रवेश शुल्क सङ्कलन। | अन्नपूर्ण-४, नारच्याङ्ग | ५,००,०००/- (अक्षरुपी पाँच लाख मात्र) | १०००/- | | | |
| ८ | 08/ARM/2083-84 | रुप्से झरनामा प्रवेश शुल्क सङ्कलन। | अन्नपूर्ण-३, दाना | २,००,०००/- (अक्षरुपी दुइ लाख मात्र) | १०००/- | | | |

**<u>शर्तहरु</u>**

१. तपसिल बमोजिमका ठेक्काहरुको लागि निर्धारित म्यादभित्र तोकिए बमोजिमका बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट बोलपत्र फाराम प्राप्त गर्न सकिने छ ।बोलपत्र फारम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै खरिद गर्नु पर्नेछ ।

२. बोलपत्र पेश गर्न इच्छुक फर्म वा कम्पनीहरु (होटल रेस्टुरेन्ट वा प्रकृति मिल्ने अन्य पर्यटन व्यवसाय सञ्चालक) ले बोलपत्र फारममा आफुले कवोल गर्न चाहेको अंक भरी, अंक र अक्षरमा रकम प्रष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । कम्पनीको हकमा स्थायी लेखा नम्बर प्रमाणपत्र (मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र ) र आ .व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी धरौटी वापत आफुले कवोल गरेको अंकको ५ प्रतिशत ( प्रत्येक ठेक्काको छुट्टाछुट्टै ) धरौटी वापतको रकम यस कार्यालयको नाममा प्रभु बैंक, अन्नपूर्ण शाखामा रहेको धरौटी खाता नं. दिनको मान्यता प्राप्त बैंकको सक्कल ९०जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा मा १५४०११०४१२६०००४६ जमानतपत्र संलग्न गरी तोकिए बमोजिमको मिति र समयमा अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ वा एकमुष्ठ रकम बुझाएमा १० प्रतिशत छुट हुनेछ । रितपूर्वक दाखिला हुन आएका सिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा कार्यालय प्रतिनिधि तथा बोलपत्रदाताको रोहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएको खण्डमा समेत बोलपत्र खोल्न बाधा पर्नेछैन ।

३. बोलपत्र फारमको खाम बाहिर ठेक्काको नाम खुल्नेगरी कार्यालयलाई सम्बोधन गरि पेश गर्नुपर्नेछ ।

४. आफुले पेश गरेको बोलपत्र फाराममा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ। अंक केरमेट भएमा अक्षरलाई मान्यता दिइनेछ । रितपूर्वक दाखिला भएका बोलपत्रहरु स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

५. ठेक्का सम्झौता गर्न आउदा आफुले कबोल गरेको अंकको प्रतिशतले हुन आउने अग्रिम आयकर ५., १३ प्रतिशत मूल्य अभिवृद्धि कर सम्बन्धित शिर्षकहरुमा दाखिला र कबोल रकम अन्नपूर्ण गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. मा अग्रिम दाखिला गर्नुपर्नेछ । १५४०११०४१२६०००५६

६. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

७. थप जानकारीको लागी ito.annamun@gmail.com मा ई मेल मार्फत वा कार्यालयमा-सम्पर्क गर्न सकिनेछ।

२०८२।०२।१८

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत